**कामको समय राख्ने घडीको धेरै सोधिएका प्रश्नहरू**

# धेरै सोधिएका प्रश्नहरू – *Dormakaba* को कामको समय राख्ने घडी

**कामको समय राख्ने घडीहरू के हुन् ?**

कामको समय राख्ने घडीहरूले काम गर्नुभएको समय ट्र्याक गर्दछन् । तपाईंले आफूले काम गरेको समय राख्न कामको शिफ्ट शुरू हुने बेला र काम सकिएपछि *Dormakaba* को नयाँ कामको समय राख्ने घडीहरू चलाउनु हुनेछ ।

**कामको नयाँ समय घडीहरू कसले चलाउनेछन् ?**

तल दिइएका विभागहरूमा केही युनिभर्सिटी कर्मचारी र विद्यार्थी कर्मचारीहरूले यी कामको समय राख्ने घडीहरू चलाउनेछन्:

- *Recreation & Wellbeing*
- *Facilities Planning & Management*
- *University Housing*
- *UW Athletics*

**कामको नयाँ समय घडीहरू कहाँ छन् ?**

हामीले क्याम्पसभरि ६० वटा नयाँ यस्ता कामको समय राख्ने घडीहरू जडान गर्‍यौं ।

**कामको नयाँ समय घडीहरू मैले कहिले चलाउन थाल्नेछु?**

तपाईंले जुन २९, २०२५ बाट चलाउन थाल्नुहुनेछ ।

**मैले कसरी कामको समय राख्ने घडी चलाउन सक्छु?**

तपाईंले:

- कामको शिफ्ट शुरू र अन्त्य गर्न सक्नुहुन्छ ।
- अगाडिको कामको समयमा कहिले शिफ्ट शुरू र अन्त्य गर्नुभयो हेर्न सक्नुहुन्छ ।

**कामको नयाँ समय घडीले मलाई कसरी सहयोग गर्न सक्छ ?**

- ६ भाषाहरू मध्येबाट रोज्न सक्नुहुन्छ (अङ्ग्रेजी, स्पैनिश, मङ, तिब्बती, चिनियाँ र नेपाली) ।
- कामको शिफ्ट शुरू र अन्त्य गर्न आफ्नो *Wiscard* चलाउन सक्नुहुन्छ ।
- *Workday* मा राखिएको आफ्नो समय हेर्न सक्नुहुन्छ ।

**मैले कामको समय राख्ने घडी चलाउँदिन भने के गर्न सक्छु ?**

तपाईंले आफ्नो कामको समय *Workday* मा राख्न सक्नुहुन्छ ।

***Dormakaba* के हो ?**

*Dormakaba* कम्पनी *Workday* को प्रमाणित पार्टनर हो । हामीले कामको समय राख्ने घडीहरू *Dormakaba* बाट किन्यौं ।

थप जानकारी आउन बाँकी छ !

**कामको समय राख्ने घडी चलाउन मैले कहाँ सहयोग पाउन सक्छु ?**
थप जानकारी *HR* मार्गदर्शन वेबसाईटमा पाउनुहोला (https://hr.wisc.edu/hr-guides/)।

**मेरो कामको समय *Workday* मा कसरी देखिन्छ ?**
*Dormakaba* कामको समय राख्ने घडीहरूले हरेक ५ मिनेटमा *Workday* मा जानकारी पठाउँछ।

**कामको समय राख्ने घडी बेग्लै भाषामा मैले कसरी देख्न सक्छु ?**
आफ्नो *HR* प्रतिनिधिलाई *Workday* मा आफ्नो रोजाइको भाषा अपडेट गर्न अनुरोध गर्नुहोला (अङ्ग्रेजी, स्पैनिश, चिनियाँ, मङ, तिब्बती वा नेपाली)। अपडेट हुनको लागि केही समय लाग्न सक्नेछ।

**मेरो समय मैले कहाँ देख्न सक्छु ?**
तपाईंले आफ्नो सबै समय *Workday* मा देख्न सक्नुहुन्छ।

**मैले मेरो *differential* गणना वा जम्मा बिदा कहाँ हेर्न सक्छु ?**
तपाईंले यी कुराहरू *Workday* मा देख्न सक्नुहुन्छ।

**मैले गलत समय राखेँ भने के हुन्छ ?**
आफ्नो सुपरभाईजरसँग कुरा गर्नुहोला। वहाँहरूले *Workday* मा तपाईंको समय बदल्न सकुहुन्छ वा छूटको रिपोर्ट भरिदिन सक्नुहुन्छ।

**यो कस्तो त्रुटि हो ?**

- **अवैध ब्याज त्रुटि (*Invalid Badge Error*):** *Workday* मा तपाईंको *Wiscard* राखिएको छैन, तपाईंको *Wiscard* को म्याद सकिएको छ वा तपाईंलाई कामको समय राख्ने घडी चलाउने अनुमति छैन।
- **त्रुटि: कामको समय राख्ने कार्य *XX* बेलासम्म चलाउन सकिँदैन (*Error: Cannot Use Clock Event again until XX*):** तपाईंले अर्को कदम चाँडै चाल्न खोज्नुभयो। एउटा कदम पछि, तपाईंले अर्को कदम चाल्नको लागि १ मिनेट जति कुर्नुपर्दछ।

**म यहाँ एउटा भन्दा बढी काम गर्छु। मेरो शिफ्टको बेलामा अर्को काममा कसरी सर्न सक्छु ?**
यदि तपाईंको दुईवटै कार्यपदमा कामको समय राख्ने घडी चलाउनु प्रदछ भने:

- कामको समय राख्ने घडीलाई एउटा कार्यपदबाट अर्को कार्यपदमा बदल्नको लागि "*Transfer*" मा थिच्नुहोस्।

यदि एउटा कार्यपदले कामको समय राख्ने घडी चलाउँछ र अर्कोले *Workday* को कामको समय राख्ने पात्रो चलाउँछ भने:

- कामको समय राख्ने घडीबाट एउटा कार्यपदको काम अन्त्य गर्नुहोस्।
- अर्को कार्यपदको लागि *Workday* को कामको समय राख्ने पात्रोबाट काम शुरू गर्नुहोस्।

यदि एउटा कामले कामको समय राख्ने घडी चलाउँछ र अर्कोले *Workday* वेबसाईट कामको समय राख्ने घडी चलाउँछ भने:

- कामको समय राख्ने घडी चलाएर काम अन्त्य नगर्नुहोला।
- अर्को काम शुरू गर्नको लागि *Workday* वेबसाईट कामको समय राख्ने घडी चलाउनुहोला। (यसो गर्दा तपाईंको पहिलो काम आँफै अन्त्य हुन्छ।)